खोटेहाङ गाउँपालिका

# आर्थिक ऐन, २०७८

गाउँसभाबाट स्विकृत भएको मिति : २०७८/०३/१० गते

खोटेहाङ गाउँपालिका
खोटाङ जिल्ला
१ नं प्रदेश

# खोटेहाङ गाउँपालिकाको आर्थिक ऐन, २०७८

खोटेहाङ गाउँपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको ऐन

प्रस्तावना : खोटेहाङ गाउँपालिकाको आर्थिक वर्ष २०७८/७९ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर, दस्तुर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम खोटेहाङ गाउँ सभाले यो ऐन बनाएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भ :**

(१) यस ऐनको नाम "आर्थिक ऐन २०७८" रहेको छ ।

(२) यो ऐन २०७८ साल श्रावण १ देखि खोटेहाङ गाउँपालिका क्षेत्रमा लागू हुनेछ ।

**२. सम्पत्ति कर** : खोटेहाङ गाउँपालिका क्षेत्रभित्र अनुसूचि (१) बमोजिम एकिकृत सम्पत्ति कर / घर जग्गा कर लगाइने र असूल उपर गरिनेछ ।

**३. भूमि कर (मालपोत)** : खोटेहाङ गाउँपालिका क्षेत्रभित्र अनुसूचि (२) बमोजिम भूमिकर (मालपोत) लगाइने र असुल उपर गरिनेछ ।

**४. घर वहाल कर** : खोटेहाङ गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, कारखाना, छप्पर, जग्गा वा पोखरी पूरै आंशिक तवरले वहालमा दिएकोमा अनुसूचि (३) बमोजिम घरजग्गा वहाल कर लगाईने र असुल गरिनेछ ।

**५. व्यवसाय कर** : खोटेहाङ गाउँपालिका क्षेत्रभित्र व्यपार, व्यवसाय वा सेवामा पूँजिगत लगानी र आर्थिक कारोबारका आधारमा अनुसूचि (४) बमोजिम व्यवसाय कर लगाइने र असूल उपर गरिनेछ ।

**६. जडिबुटी, कवाडी र जीवजन्तु कर** : खोटेहाङ गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले उन, खोटो, जडीबुटी, वनकस ,कवाडी माल र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु वाहेकको अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला, जस्ता वस्तुको व्यवसायिक कारोवार गरे वापत अनुसूचि (५) बमोजिमको कर लगाइने र असूल उपर गरिनेछ ।

प्रदीप राई
गाउँपालिका अध्यक्ष

७. **सवारी साधन कर** : खोटेहाङ गाउँपालिका क्षेत्रभित्र दर्ता भएको सवारी साधनमा अनुसूचि (६) बमोजिम सवारी साधन कर लगाइने र असूल उपर गरिनेछ । तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

८. **विज्ञापन कर** : खोटेहाङ गाउँपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसुची (७) बमोजिम विज्ञापन कर लगाइने छ । तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

९. **मनोरन्जन कर** : खोटेहाङ गाउँपालिका क्षेत्रभित्र हुने मनोरन्जन व्यवसाय सेवामा अनुसूची (८) बमोजिम मनोरन्जन कर लगाइने र असुल उपर गरिनेछ । तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

१०. **बहाल बिटौरी शुल्क** : खोटेहाङ गाउँपालिका क्षेत्रभित्र आफुले निर्माण, रेखदेख वा संचालन गरेका आनुसूची (९) मा उल्लेख भए अनुसार हाट बजार वा पसलमा सोही अनुसूचीमा भएको व्यवस्था अनुसार वहाल बिटौरी शुल्क लगाइने र असुल उपर गरिनेछ ।

११. **पार्किङ शुल्क** : खोटेहाङ गाउँपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराए वापत आनुसूची (१०) मा उल्लेख भए अनुसार पार्किङ शुल्क लगाईनेछ ।

१२ . **ट्रेकिङ, कोयोकिङ, क्यानोइङ, बन्जी जम्पिङ, जिपफ्लायर र ऱ्याफ्टिङ् शुल्क** : खोटेहाङ गाउँपालिकाले आफ्नो क्षेत्रभित्र ट्रेकिङ, कोयोकिङ, क्यानोइङ, बन्जी, जम्पिङ, जिपफ्लायर र ऱ्याफ्टिङ सेवा वा व्यवसाय संचालन गरेवापत गाउँ कार्यपालिकाले तोके बमोजिमको शुल्क लगाइने र असुल उपर गरिनेछ ।

१३. **सेवा शुल्क, दस्तुर** : खोटेहाङ गाउँपालिकाले निर्माण, संचालन वा व्यवस्थापन गरेका अनुसूची (११) मा उलेखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोहि अनुसुचिमा व्यवस्था भए अनुसार शूल्क लगाइने र असुल उपर गरिनेछ । त्यस्तै, अनुसूचि १२, १३ र १४ मा उल्लेख भए बमोजिम पशु, कृषि, आयुर्वेद र ओ.पि.डि सेवा शुल्क लगाइने र असुल उपर गरिनेछ । अनुसूचिमा नतोकेका अन्य सेवा शुल्क तथा दस्तुरहरु कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

१४. **पर्यटन शुल्क** : खोटेहाङ गाउँपालिकाको आफ्नो क्षेत्रभित्र प्रवेश गर्ने पर्यटकहरुबाट गाउँ कार्यपालिकाले तोके बमोजिमको दरमा पर्यटन शुल्क लगाईने र असुल उपर गरिनेछ । तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

१५. **विक्री तथा निकासी शुल्क** : खोटेहाङ गाउँपालिकाको आफ्नो स्वामित्वमा रहेको सम्पत्ती वा आफ्नो रेखदेखमा रहेको सार्वजनिक स्थलबाट उत्पादन हुने ढुंगा, गिट्टी, बालुवा, माटो, काठ दाउरा, जराजुरी, स्लेट, खरीढुंगा, आदि प्राकृतिक एवं खानीजन्य बस्तुहरुको विक्री तथा गाउँपालिकाको आफ्नो क्षेत्रभित्र उत्पादन भै



प्रदीप राई
गाउँपालिका अध्यक्ष

आफ्नो सिमाक्षेत्र भन्दा बाहिर निकासी हुने ढुंगा, गिट्टी, बालुवा, माटो, काठ दाउरा, जराजुरी, स्लेट, खरीढुंगा, आदि प्राकृतिक एवं खानीजन्य वस्तुको वाह्य निकासीमा निकासी शुल्क लगाइने छ ।

**१६.कर छुट** : यस ऐन बमोजिम कर तिर्न दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको छुट दिईने छैन ।

**१७. कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधि** : यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधि खोटेहाङ गाउँपालिकाले तोके अनुसार हुनेछ ।

## अनुसुची : १

### सम्पति कर

(दफा २ सँग सम्बन्धित)

| क.स. | करयोग्य सम्पत्तिको मूल्य | बार्षिक दर |
|---|---|---|
| १ | सम्पत्ति मूल्याङकन कर | ०.०५% |
| २ | व्यक्तिगत वार्षिक आय मूल्याङकन | ०.०५% |

## अनुसुची : २

### भुभिकर (मालपोत)

(दफा ३ सँग सम्बन्धित)

| किसिम | इकाई | अवल | दोयम | सिम | चाहार | पाचौं / पर्ती |
|---|---|---|---|---|---|---|
| बारी | प्रति रोपनी | ५।- | ४।- | ३।- | २।- | २।- |
| खेत | प्रति रोपनी | १०।- | ७५० | ५।- | ३।- | |

द्रष्टव्य

१. मालपोत वा भूमिकरको कूल रकम वार्षिक पाचँ रुपैया भन्दा कम हुने भएमा न्यूनतम वार्षिक मालपोत वा भूमिकर पाँच रुपैयाँ कायम गरिनेछ ।

२. भूमिकर लगाइने जग्गामा मालपोत लगाइने छैन ।

३. विलम्ब शूल्क प्रतिशत निम्न शुत्र अनुसार निकालिनेछ । बिलम्ब शुल्क प्रतिशत (विलम्ब वर्ष X ५) + ५

४. प्रत्येक वर्ष असार १५ गते सम्म मालपोत बुझाई सक्नुपर्नेछ । असार १६ गते देखी मसान्त सम्म ५ प्रतिशत विलम्व शुल्क लिई सोही महिनाको मसान्तसम्म मालपोत लिइनेछ ।

५. एक आ.व.मा तिर्नु पर्ने मालपोत कर आ.व.को अवधि सम्ममा नतिरेमा अर्को आ.व.मा ५० % जरीवाना सहित असुल गरीने छ ।

प्रदीप राई
गाउँपालिका अध्यक्ष

## अनुसुची : ३

### घर बहाल कर

(दफा ४ सँग सम्बन्धित)

गाउँपालिकाले आफ्नो क्षेत्र भित्र लगाउने घर बहाल करको दर रेट

| विवरण | करको दर |
|---|---|
| १. आफ्नो क्षेत्रभित्रको घर, पसल ,ग्यारेज, गोदाम, टहरा, शेड, छुप्पर,कारखाना, जग्गा वा पोखरी पुरै वा आंशिक रुपमा बाहालमा दिएकोमा सम्बन्धीत धनी बाट बाहाल रकमको दश प्रतिशत | बाहाल रकमको १० % |

नोट : घर वाहाल करको हकमा माथि जे सुकै भए पनि मासीक रुपमा वहाल रकमको १० % वा रु २०० मध्ये जुन वढी हुन्छ सो कार्यन्वयन गर्ने

## अनुसुची : ४

### व्यवसाय कर

(दफा ५ सँग सम्बन्धित )

गाउँपालिकाले आफ्नो क्षेत्र भित्र लगाउने व्यवसाय करको दर रेट

| व्यवसाय कर | | | |
|---|---|---|---|
| १ | पसल दर्ता | प्रति पसल दर्ता शुल्क | ५००।० |
| २ | पेट्रोलियम पदार्थ | पेट्रोल पम्प | ५०००।० |
| | | पेट्रोल बिक्री केन्द्र | १०००।० |
| | | ग्यास सिलिन्डर सब डिलर | १०००।० |
| | | डिजेल/मट्टितेल बिक्री | १०००।० |
| ३ | स्टिल आलमुनियम पसल | थोक | २०००।० |
| | | खुद्रा | १०००।० |
| ४ | फर्निचर . | थोक | १५००।० |
| | | खुद्रा | १०००।० |
| ५ | ढुङ्गा तथा गिट्टी बालुवा बिक्री वितरण गर्ने | प्रति ट्रयाक्टर/टिप्पर | ५००/१००० |
| ६ | कपडा सिलाइ कटाइ | टेलरिङ आधुनिक | १०००।० |
| | | हाते मेसिन | २००।० |
| ७ | स्नुकर तथा पुल हाउस | | २०००।० |
| ८ | क्यारेम बोर्ड | | १०००।० |



प्रदीप राई
गाउँपालिका अध्यक्ष

| | | | |
|---|---|---|---|
| ९ | पशु आहार बिक्री केन्द्र | | १०००।० |
| १० | किराना पसल | थोक | १५००।० |
| | | खुद्रा | ५००।० |
| ११ | फलफूल/तरकारी पसल | थोक | ८००।० |
| | | खुद्रा | ४००।० |
| १२ | उपहार/ गिफ्ट/ खेलौना पसल | थोक | १०००।० |
| | | खुद्रा | ५००।० |
| १३ | भाँडा पसल (स्टील, प्लास्टिक,आल्मुनियम सबैथरी) | थोक | १०००।० |
| | | खुद्रा | १०००।० |
| १४ | माटाको भाँडा पसल | थोक, खुद्रा | ५०।० |
| १५ | विशेषज्ञ परामर्श तथा अन्य व्यावसायी सेवा | चिकित्सक | २०००।० |
| | | कन्सल्टेन्ट सेवा(इन्जिनियरिङ्ग) | २०००।० |
| | | कानुन व्यावसायी ल फर्म | २०००।० |
| | | लेखापरीक्षण व्यावसायी | २०००।० |
| | | दन्तचिकित्सक | २०००।० |
| | | अनुसन्धानकर्ता परामर्शदाता | २०००।० |
| | | पशु चिकित्सक डाक्टर | २०००।० |
| | | रोजगार सेवा | ३०००।० |
| १६ | ढुवानी तथा ट्रान्सपोर्ट | | २०००।० |
| १७ | पेन्टर/ साइनबोर्ड लेख्ने | | १०००।० |
| १८ | खोटो व्यवसायी | | २०००।० |
| १९ | जग्गा व्यवसायी | | २०००।० |
| २० | निर्माण व्यबसायी | | ५०००।० |
| २१ | यस वर्गीकरणमा नपरेका व्यवसायको हकमा | | ७५०।० |

नोट : व्यवसायिक कर दर्ताको समयमा नै वार्षिक उल्लेखित दर लागु गरिने छ।



प्रदीप राई
गाउँपालिका अध्यक्ष

# अनुसुची : ५

## जडीबुटी कवाडी र जीवजन्तु कर

(दफा ६ संग सम्बन्धित)

गाँउपालिकाले आफनो क्षेत्रभित्र उत्पादन भई निकासी हुने उन, खोटो, जडिबुटी, वनकस, कवाडी माल, जीवित जन्तु बाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिंङ, प्वाँख, छाला जस्ता बस्तुको व्यवसायिक कारोवार गरे वापत पछि कार्यपालिका बाट निर्णय गरे बमोजीम कर लाग्नेछ ।

# अनुसुची : ६

## सवारी साधन कर

(दफा ७ संग सम्बन्धित)

| सि.नं. | विवरण | विस्तृत विवरण | दर |
|---|---|---|---|
| १ | सवारी साधन कर | जे.सि.भि. मेसीन | १००००।० |
| | | एक्जाभेटर मेसीन | २०१००।० |
| | | बस, ट्रक, लरी, हेभी गाडी र ट्र्याकटर | ५०००।० |
| | | भाडाका कार जिप | २०००।० |
| | | निजी कार, जीप, मयुरी | १०००।० |
| | | स्कुटर, मोटरसाइकल तथा अन्य सवारी साधनमा | ५००।० |
| | | ठेलागाडा तथा रिक्सामा | ५००।० |
| २ | पटके सवारी कर | | ५०।० |

द्रष्टव्यः एक गाउँपालिकाले सवारी दर्ता तथा वार्षिक सवारी कर लिएपछि अर्को गाउँपालिकाले त्यस्तो सवारी दर्ता तथा वार्षिक सवारी कर लिन पाउँनेछैन ।

# अनुसुची : ७

## विज्ञापन कर

(दफा ८ संग सम्बन्धित)

| |
|---|
| सार्वजनिक स्थानमा विज्ञापन वा साइनबोर्ड राखेवापत वार्षिक रु ५००।- विज्ञापन कर असुल गरीने छ । |

प्रदीप राई
गाउँपालिका अध्यक्ष

## अनुसुची : ८

### मनोरञ्जन कर

(दफा ९ संग सम्बन्धित)

| |
|---|
| समय समयमा हुने महोत्सव, जादु, सर्कस, चटक र मेला आदीमा आयोजकसंग प्रति दिन रु ३००।- रकम असूल गरिनेछ । |

## अनुसुची : ९

### बहाल बिटौरी शुल्क

(दफा १० संग सम्बन्धित)

| सि.नं. | विवरण | विस्तृत विवरण | दर |
|---|---|---|---|
| १ | बहाल बिटौरी कर | टहरो छाप्रोको मासिक | ५०।० |
| | | घुम्ती मासिक | ५०।० |
| | | ठेला मासिक | ५०।० |
| | | हाट बजार कर वार्षिक (ठेक्का) | २००००।० |

## अनुसुची : १०

### पार्किङ्ग शुल्क

(दफा ११ संग सम्बन्धित)

| सि.नं. | विवरण | विस्तृत विवरण | दर |
|---|---|---|---|
| १ | पार्किङ्ग शुल्कः प्रतिदिन | बस , ट्रक, लरी, हेभी गाडी, ट्याक्टर, जीप | २०।० |
| | | मोटरसाइकल, ठेला गाडा, अटो रिक्सा र अन्य साधन प्रतिघण्टा | १०।० |

नोट : पार्किङ शुल्क बसपार्क स्थल व्यवस्थित भए पछि मात्र लाग्ने छ ।

प्रदीप राई
गाउँपालिका अध्यक्ष

खोटेहाङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बोंदाङबजार, खोटाङ
२०७३

# अनुसुची : ११

(दफा १३ संग सम्बन्धित

## सेवा शुल्क दस्तुर

| सेवा शुल्क | | | |
|---|---|---|---|
| सिफारिस र प्रमाणित | | | |
| सि.नं. | विवरण | विस्तृत विवरण | दर रु. |
| १ | घरजग्गा नामसारी सिफारिस | ५ रोपनी सम्म | १००।० |
| | | ५ देखि १० रोपनीसम्म | १५०।० |
| | | १० देखि २० रोपनीसम्म | २००।० |
| | | २० देखि ५० रोपनीसम्म | ३००।० |
| | | ५० रोपनीभन्दा माथि | ५००।० |
| २ | मोही लगत कट्टा सिफारिस | १ रोपनी सम्मको | १००।० |
| | | १ रोपनी भन्दा माथिको | २००।० |
| ३ | घर कायम सिफारिस | पक्की घर (प्रति वर्ग फिट) | ३।० |
| | | कच्ची घर (प्रति वर्ग फिट) | २।० |
| ४ | सरजमिन सिफारिस दस्तुर | | १००।० |
| ५ | छात्रवृति सिफारिस | | १००।० |
| ६ | विपन्न/असहाय विद्यार्थी छात्रवृति सिफारिस | | निशुल्क |
| ७ | अपाङ्गता भएको सिफारिस | | निशुल्क |
| ८ | अस्थाइ बसोबास सिफारिस | | १००।० |
| ९ | स्थायी बसोबास सिफारिस | | १००।० |
| १० | नागरिकता सिफारिस | वंशज | १००।० |
| | | अंगिकृत | ५००।० |
| ११ | विद्युत जडान सिफारिस | | १००।० |
| १२ | धारा जडान सिफारिस | | १००।० |
| १३ | जीवित रहेको सिफारिस | | १००।० |
| १४ | दुबै नाम गरेको व्यक्ति एकै हो भन्ने वा फरक जन्ममिति संशोधन सिफारिस | | २००।० |
| १५ | व्यवसाय बन्द सिफारिस | | १००।० |
| १६ | व्यवसाय सञ्चालन नभएको सिफारिस | | १००।० |
| १७ | व्यापार,व्यवसाय नभएको सिफारिस | | १००।० |
| १८ | कोर्ट फी मिनाहा सिफारिस | | निशुल्क |
| १९ | नाबालक परिचयपत्र सिफारिस | | ५०।० |
| २० | चौपाया सम्बन्धी सिफारिस | | ५०।० |
| २१ | व्यवसाय दर्ता सिफारिस | | ५००।० |
| २२ | उद्योग ठाउँसारी सिफारिस | | ५००।० |
| २३ | विद्यालय ठाउँसारी सिफारिस | | २००।० |
| २४ | आन्तरिक बसाइसराइ सिफारिस | | २००।० |
| २५ | विद्यालय सञ्चालन स्वीकृत कक्षा वृद्दि/ सिफारिस | | ५००।० |
| २६ | व्यक्तिगत विवरण सिफारिस/ नवीकरण सिफारिस | | १००।० |
| २७ | जग्गा दर्ता सिफारिस | | २००।० |



प्रदीप राई
...पालिका अध्यक्ष

| | | | |
|---|---|---|---|
| २८ | संरक्षक सिफारिस व्यक्तिगत | | १००।० |
| २९ | संरक्षक सिफारिस संस्थागत | | २००।० |
| ३० | नेपाल सरकारको नाममा बाटो कायम सिफारिस | | १००।० |
| ३१ | कोठा खोल्न कार्य रोहबरमा बस्ने सिफारिस | | १००।० |
| ३२ | स्वास्थ्य उपचारको सिफारिस | निशुल्क उपचारको लागि | निशुल्क |
| | | सशुल्क उपचारको लागि | १००।० |
| ३३ | संस्था दर्ता सिफारिस | | ५००।० |
| ३४ | जग्गा धनीपुर्जा हराएको सिफारिस | | १००।० |
| ३५ | जीवित सँगको नाता प्रमाणित | | १००।० |
| ३६ | मृतकसँगको नाता प्रमाणित | | १००।० |
| ३७ | आर्थिक अवस्था बलियो वा सम्पन्नता प्रमाणित | | २०००।० |
| ३८ | आर्थिक अवस्था कमजोर वा विपन्नता प्रमाणित | | ५०।० |
| ३९ | जग्गा मुल्याङ्कन सिफारिस/ प्रमाणित | | १००० मा ७५ पैसा |
| ४० | चारकिल्ला प्रमाणित | | १००।० |
| ४१ | जन्ममिति प्रमाणित | | १००।० |
| ४२ | घर बाटो प्रमाणित | बाटो भएको | २००।० |
| | | बाटो नभएको | १००।० |
| ४३ | विवाह प्रमाणित | | १००।० |
| ४४ | घर पाताल प्रमाणित | | १००।० |
| ४५ | कागज/ मञ्जुरिनामा प्रमाणित | | १००।० |
| ४६ | हकवाला वा हकदार प्रमाणित | | १००।० |
| ४७ | घर सम्पन्न सिफारिस/ प्रमाणित | पक्की | १०००।० |
| | | कच्ची | ५००।० |
| ४८ | अविवाहित प्रमाणित | | १००।० |
| ४९ | अपुताली सिफारिस | | १००।० |
| ५० | अन्य सिफारीस वा प्रमाणित | | १००।० |
| ५१ | घर नक्सापास दस्तुर | पक्की घर | १०००।० |
| | | कच्ची घर | ५००।० |
| ५२ | नक्सा पास निवेदन फाराम दस्तुर | | ५०।० |
| ५३ | सरसफाइ शुल्क | मासिक | ५०।० |
| | | सरसफाइ कार्डको | १००।० |
| | सरसफाइ सम्बन्धी पुर्वाधार बनेपछि लाग्नेछ । | | |
| ५४ | घर खाली गराउँदा प्रतिदिन | | ५००।० |

...थि उल्लेखित सिफारिस वा प्रमाणितको प्रतिलिपी आवश्यक परेमा पनि सुरु तोकिएको दस्तुर पुनः लाग्नेछ । र उल्लेखित कागजात अंग्रेजी भाषामा आवश्यक ...परेमा रु. ५०० लाग्नेछ । माथि उल्लेखित सिफारिस र प्रमाणित बाहेक कुनै निर्णय वा फैसला आदिको नक्कल आवश्यक परेमा प्रतिपाना १० रुपयाँ दस्तुर लाग्नेछ ।

| | | | |
|---|---|---|---|
| | दर्ता शुल्क | | |
| १ | व्यक्तिगत घटना दर्ता विलम्व शुल्क | | २००।० |
| २ | व्यक्तिगत घटना दर्ता प्रमाणपत्रको नक्कल दस्तुर | | ५००।० |
| ३ | बसाइसराइ जाने दर्ता | | १५००।० |
| ४ | व्यक्तिगत घटना दर्ता किताब हेरेको | | २००।० |



प्रदीप राई
गाउँपालिका अध्यक्ष

| | | | |
|---|---|---|---|
| ५९ | नया व्यवसाय दर्ता | १ लाख सम्मको | ३००।० |
| | | १ लाख देखि ५ लाखसम्मो | ५००।० |
| | | ५ लाखदेखि २० लाख सम्मको | १०००।० |
| | | २० लाखदेखि माथि | १५००।० |
| ६० | उजुरी दर्ता तथा मुद्दा दस्तुर | | २००।० |
| ६१ | व्यवसाय नविकरण | १ लाख सम्मको | १००।० |
| | | १ लाख देखि ५ लाखसम्मको | २००।० |
| | | ५ लाखदेखि २० लाख सम्मको | ३००।० |
| | | २० लाखदेखि माथि | ५००।० |
| ६२ | सेवा शुल्क | प्रति सिफारिस | ५०।० |
| ६३ | निर्यात सिफारिस | बाँस तथा कुकाठ प्रति ट्र्याक्टर | ५००।० |
| | | बाँस तथा कुकाठ प्रति ट्रक | १०००।० |
| | | काठ प्रति ट्र्याक्टर | ५००।० |
| | | काठ प्रति ट्रक | १०००।० |
| | | जडिबुटि तथा गैर काठ प्रति ट्र्याक्टर | १०००।० |
| | | जडिबुटि तथा गैर काठ प्रति ट्रक | २०००।० |
| | | खोटो प्रति ट्र्याक्टर | ५००।० |
| | | खोटो प्रति ट्रक | १०००।० |
| | | अलैंची प्रतिमन | २५०।० |
| | | खसि/बोका/सुङ्गुर/भेडा प्रतिगोटा | ५०।० |
| | | गाई/गोरु/राँगा/भैंसि प्रतिगोटा | १००।० |
| | | तरकारी फलफूल प्रति केजि | ०.५०। |

प्रदीप राई
गाउँपालिका अध्यक्ष

खोटेहाङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
खोटाङबजार, खोटाङ
२०७३

## अनुसुचीः १२

(दफा १३ संग सम्बन्धित)

### कृषि तथा पशु सेवा सम्बन्धी शुल्क

| सि.नं. | परिमाण | लाग्ने शुल्क | कैफियत |
|---|---|---|---|
| १. उपचार | | | |
| १.१ | गाई भैंसी | रु १० | |
| १.२ | कुखुरा, हाँस र अन्य पंक्षि | रु १० | |
| १.३ | भेडा, बाखा, बंगुर र खरायो | रु १० | |
| १.४ | कुकुर, विरालो | रु १० | |
| १.५ | हात्ति, घोडा, बाँदर र अन्य वन्यजन्तु | रु १० | |
| २. प्रयोगशाला सेवा | | | |
| २.१ | गोबर परिक्षण | रु २० | |
| २.२ | शव परिक्षण | | |
| | २.२.१ गाई, भैंसी, भेडा, बाखा र बंगुर | रु २५ | |
| | २.२.२ पंक्षि | रु १० | |
| | २.२.३ कुकुर, बिरालो | रु १०० | |
| | २.२.४ हात्ति, घोडा, बाँदर र अन्य वन्यजन्तुहरु | रु २०० | |
| ३. माइनर सर्जिकल सेवा | | | |
| ३.१ | बोका, साँढे, राँगा | रु २५ | |
| ३.२ | बंगुर, कुकुर, बिरालो | रु ५० | |
| ४. अन्य | | | |
| ४.१ | माइनर अपरेशन | रु १५० | |
| ४.२ | दुध परिक्षण | रु २५ | |
| ४.३ | पिसाब परिक्षण | रु १० | |
| ४.४ | कृषि सेवा शुल्क | रु १० | |

## अनुसुचीः १३

(दफा १३ संग सम्बन्धित)

### स्वास्थ्य तथा आयुर्वेद सेवा शूल्क

| | | | |
|---|---|---|---|
| १ | ओ.पि.डि सेवा शुल्क | प्रतिपटक | रु. १० |
| २ | ई.सि.जि शूल्क | प्रतिपटक | रु. १०० |
| ३ | एक्स रे | प्रतिपटक | रु. ३०० |
| ४ | आई.सि.यू. | प्रतिदिन | रु. ३०० |



प्रदीप राई
अध्यक्ष

अनुसुचीः १४

(दफा १३ संग सम्बन्धित)

स्वास्थ्य प्रयोगशाला शुल्क

| S.N | Test Item | Rate | Remarks |
|---|---|---|---|
| 1 | Hb | 45 | |
| 2 | TC | 45 | |
| 3 | DC | 45 | |
| 4 | ESR | 40 | |
| 5 | Platelets Count | 50 | |
| 6 | RBC | 40 | |
| 7 | BT | 40 | |
| 8 | CT | 40 | |
| 9 | PCV | 50 | |
| 10 | MP | 300 | |
| 11 | Urinr R/E | 50 | |
| 12 | Stoll R/E | 50 | |
| 13 | Sugar (F) | 100 | |
| 14 | Sugar (PP) | 100 | |
| 15 | Sugar-R | 150 | |
| 16 | Urea | 130 | |
| 17 | Uric Acid | 150 | |
| 18 | Bilurubin | 120 | |
| 19 | Blood Grouping | 50 | |
| 20 | RA Factor | 170 | |
| 21 | CRP | 170 | |
| 22 | HCV | 300 | |
| 23 | HBSAG | 200 | |
| 24 | Widal | 80 | |
| 25 | VDRL | 350 | |
| 26. | AFB | Free | क्षयरोग परिक्षण निःशुल्क गरिने छ |
| 27 | HIV | 350 | क्षयरोगी र गर्भवती तथा सुत्केरी आमाहरुको निःशुल्क हुनेछ । |

खोटेहाङ गाउँपालिकाको सम्वत् २०७८ साल असार ०९ र १० गते बसेको गाउँसभा बैठकले नेपालको संविधानको धारा २२६ उपधारा (१) तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ बमोजिम सर्वसम्मत पारित गरेकोले यो ऐन नेपालको संविधान र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २१ बमोजिम प्रमाणिकरण गर्दछु ।

(प्रदिप राई)
अध्यक्ष

मिति :- २०७८/०३/१०

प्रदीप राई
गाउँपालिका अध्यक्ष

खोटेहाङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय, खोटाङ
खोटाङबजार, खोटाङ
२०७३